बागमती प्रदेश सरकार

श्रम, रोजगार तथा यातायात मन्त्रालय

# यातायात व्यवस्था कार्यालय

हेटौंडा, मकवानपुर, नेपाल ।

पत्र संख्याः २०७९/०८०

चलानी नम्बरः

मितिः २०८०/०३/१०

## घर भाडामा लिने सम्बन्धी सूचना

यस कार्यालयको प्रयोजनको लागि निम्नानुसारको भवन भाडामा लिनुपर्ने भएकोले इच्छुक घरधनीहरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र नेपाली नागरिकताको प्रमाणपत्र, जग्गाधनी प्रमाणपूर्जा, घर निर्माण सम्पन्न प्रमाणपत्र, आ.व. २०७९/८० को एकिकृत सम्पत्ति कर तिरेको रसिद र घरको नक्सा सहितका कागजातहरुको प्रतिलिपि संलग्न राखी भाडामा दिन कबोल गरेको रकम (अङ्क र अक्षर)मा स्पष्ट बुझिने गरी लेखी यस कार्यालयमा खामबन्दी गरी कार्यालय समय भित्र निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छः

१. भाडामा लिने घर हेटौडा उपमहानगरपालिका भित्र पर्ने राष्ट्रिय राजमार्गसंग जोडिएको वा वढिमा २०० मिटर भित्र सम्म, भारी सवारी विना अवरोध आउन-जान सक्ने बाटो भएको, कम्तीमा ३ कट्ठा जग्गामा बनेको घरमा कम्पाउण्ड घेरिएको र गाडी पार्किङ्गको पर्याप्त सुविधा भएको हुनुपर्ने ।
२. भाडामा लिने घरमा कम्तीमा १५ वटा कोठा सहित शौचालय तथा विद्युत र पानीको पर्याप्त सुविधा भएको हुनुपर्ने ।
३. कार्यालयमा आवत-जावत हुने सवारी तथा सेवाग्राहीले पार्न सक्ने असर कम गर्न विद्यालय वा घनाबस्ती भन्दा टाढा रहेको ।
४. रितपूर्वक दर्ता हुन नआएको वा म्याद नाघि आएको दरखास्त उपर कुनै कारवाही हुने छैन ।
५. घर भाडा रकममा नियमानुसार कर कट्टी गरी भुक्तानी गरिनेछ ।
६. घर भाडामा लिने/नलिने सम्पूर्ण अधिकार यस कार्यालयमा हुनेछ ।

............................

यातायात व्यवस्था कार्यालय, हेटौंडा